# कचनकवल राजपत्र

कचनकवल गाउँपालिकाद्वारा प्रकाशित

झापा, कोशी प्रदेश, नेपाल, असार १० गते २०८३ साल


## भाग-१

# कचनकवल गाउँपालिका

## गाउँ कार्यपालिकाको  कार्यालय

बनियानी, झापा

कोशी प्रदेश, नेपाल

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम कचनकवल गाउँपालिकाको गाउँ सभाले स्वीकृत गरी जारी गरेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

गाउँसभाबाट पारित मितिः २०८२-०३-१०
राजपत्रमा प्रकाशित मितिः २०८२-०४-०१

प्रस्तावनाः कचनकवल गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम कचनकवल गाउँपालिकाको १९ औं गाउँ सभाले यो ऐन बनाई जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम “ कचनकवल गाउँपालिकाको आर्थिक ऐन, २०८३” रहेको छ।
(२) यो ऐन गाँउ सभाबाट पारित भई कचनकवल गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि कचनकवल गाउँपालिका क्षेत्रमा तुरुन्त लागू हुनेछ।

२. सम्पति कर : गाउँपालिकाक्षेत्रभित्र अनुसूचि (१) वमोजिम सम्पत्ति कर लगाउने र असूल उपर गर्नेछ।
स्पष्टिकरणः यस ऐनमा सम्पत्ति कर भन्नाले एकीकृत सम्पत्ति कर, घर जग्गा कर, भूमि कर वा मालपोत तिरो समेतलाई जनाउँदछ।

३. घर वहाल कर : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (२) वमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

४. व्यवसाय कर : गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (३) वमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिने छ।

५. सवारी साधन कर : गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूची (४) वमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ।

६. विज्ञापन कर : गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची (५) वमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि वमोजिम हुनेछ।

७. मनोरन्जन कर : गाउँपालिका क्षेत्र भित्र गरिने मनोरन्जन व्यवसायमा अनुसूची (६) वमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ।

८. पार्किङ शुल्क : गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (७)वमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

९. सेवा शुल्क तथासिफारिस दस्तुर : गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूची (८) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. कर छुट : यस ऐन वमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

११. दण्ड सजाय तथा जरिवाना : तोकिएका कर, दस्तुर तथा सेवा शूल्क तोकिएको समय सीमामा नबुझाएमा सम्बन्धित दफाको अनुसूचीमा तोकिए वमोजिम दण्ड सजाय तथा जरिवाना सहित असुल उपर गरिनेछ।

१२. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि गाउँ कार्यपालिकाले बनाई लागू गर्न सक्नेछ।

१३. छुट सम्बन्धमा : यस गाउँपालिकाका पोखरी, हाट बजार घाटलोरी जलकरनिकासी लगायतका सार्वजनिक सम्पतिको भोग चलनका ठेक्का लगाउदा ठेक्का सकारकर्ताले सम्झौताका वखत बार्षिक ठेक्का अंक बराबरको एकमुस्ट रकम अग्रिम रुपमा गा.पामा बुझाएमा १०% रकम छुट दिइने छ|

१४. यस ऐनमा लेखिएका करका दर तथा दायराहरुमा यसै ऐन वमोजिम हुनेछ। यसमा उल्लेख भएका बाहेक अन्य छुट भएका कर तथा सेवा शुल्क वा दस्तुरका हकमा गाउँ कार्यपालिकाको निर्यण अनुसार हुनेछ जसलाई सो पश्चात बस्ने गाउँ सभाबाट अनुमोदन गराउनु पर्नेछ।

अनुसूची-१

(दफा २ संग सम्बन्धित)

**सम्पत्ति कर**

यस गाउपालिकाबाट एकिकृत सम्पत्ति क र पुर्ण रुपमा लागू नभएसम्म निम्नानुसारका मालपोत तथा घर जग्गा कर बार्षिक रुपमा एकमुष्ट असुल गरिनेछ।

**(क) मालपोत तर्फ :**

| | |
|---|---|
| उत्तर दक्षिण, पूर्व-पश्चिममुख्य मार्ग ग्राभेल तथा कालोपत्रे सडकले छोएका जग्गा | प्रति कठ्ठा रु. ६०/- |
| मुख्य सडक बाहेकका ग्राभेल सडकले छोएको जग्गा | प्रति कठ्ठा रु. ४०/- |
| कच्ची सडकले छोएको जग्गा | प्रति कठ्ठा रु. २५/- |
| बाटोले नछोएका खेतियोग्य जमिन | प्रति कठ्ठा रु. १५/- |
| ईटा उद्योग, चिया खेति तथा बगान, रबर खेति, रुख रोपी वनक्षेत्र विकास गर्ने जग्गा | प्रति कठ्ठा रु. ५०/- |

**ख) घरमूल्याङ्कनतर्फ :**

| क्षेत्रफल | घरको प्रकारका | वजार क्षेत्र | गाउँ क्षेत्र |
|---|---|---|---|
| १००० वर्ग फिट सम्म | पक्की | ५०० | ४०० |
| १०००-१५०० वर्ग फिट सम्म | पक्की | ६०० | ५०० |
| १५००-२००० वर्ग फिट सम्म | पक्की | ७०० | ६०० |
| २००० वर्ग फिट भन्दा माथि | पक्की | ८०० | ७०० |
| १००० वर्ग फिट सम्म | पक्की, छाना टिनको | ३०० | २०० |
| १०००-१५०० वर्ग फिट सम्म | पक्की, छाना टिनको | ४०० | ३०० |
| १५००-२००० वर्ग फिट सम्म | पक्की, छाना टिनको | ४५० | ३५० |
| २००० वर्ग फिट भन्दा माथि | पक्की, छाना टिनको | ५०० | ४०० |
| १००० वर्ग फिट सम्म | कच्ची (पिल्लर नभएको) | २०० | १५० |
| १०००-१५०० वर्ग फिट सम्म | कच्ची (पिल्लर नभएको) | २२५ | १७५ |
| १५००-२००० वर्ग फिट सम्म | कच्ची (पिल्लर नभएको) | २५० | २०० |
| २००० वर्ग फिट भन्दा माथि | कच्ची (पिल्लर नभएको) | २७५ | २२५ |
| सम्पूर्ण | पूर्ण कच्ची | २० | २० |

**ग) सम्पति कर लागू नभए सम्मका लागि घरधुरी कर वार्षिक देहाय वमोजिम लाग्ने छ-**

| | |
|---|---|
| १. पक्की घर एक तले | रु. १२५।- |
| २. पक्की घर एक तला भन्दा माथि भए | रु. २००।- |
| ३. एक तले पक्की घर टीनको छाना भए | रु. १००।- |
| ४. काठ बनेको टीनको छाना भएको घर भए | रु. ७५।- |
| ५. टीनले बनेको भुइँ ढलान भएको | रु. ५०।- |
| ६. फुस वा बाँसको टाटी वेरा लगाएको र अन्य साधारण घर भए | रु. २५।- |

चालु आ.व. भित्रमा सम्वन्धित कर बुझाएमा थप सुल्क बुझाउनु नपर्ने, आ.व. नाघेको ३ महिना भित्र कर बुझाएमा जरिवाना नलाग्ने, समय नाघेको १ बर्ष सम्म थप कुल करको १० प्रतिशत र ६ बर्ष सम्म २५ प्रतिशत, ८ बर्ष सम्म ३५ प्रतिशत र ८ बर्ष भन्दा माथि ५० प्रतिशत थप कर बुझाउनु पर्ने छ तर आ.व. ०७४/७५ भन्दा अगाडिको मालपोत रकम र जरिवाना साबिककै नियम र दररेट अनुसार लाग्नेछ।

अनुसूची-२

(दफा ३ संग सम्बन्धित )

## घरवहाल कर

आफ्नो क्षेत्र भित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा वहालमा दिएमा सम्बन्धित धनीबाट वहाल रकमको १० प्रतिशत घर वहालकर लाग्ने छ।

अनुसूची-३

(दफा ४ संग सम्बन्धित)

## व्यवसाय कर

गाउँपालिकाको क्षेत्रभित्र ब्यापार, ब्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाई देहाय अनुसार दररेट कायम गरिएको छ।

| क्र.स. | कर तथा दस्तुरको विवरण | दर | सि.नं. | कर तथा दस्तुरको विवरण | दर |
|---|---|---|---|---|---|
| **(क) हाटबजार पसल कर दैनिक** | | | | | |
| १ | कपाल काट्ने हजाम | २० | १ | गाईगोरु प्रति गोटा | ३० |
| २ | चामल प्रति मन | २० | २ | रांगा भैसी प्रति गोटा | ५० |
| ३ | सुर्ती प्रति मन | १२५ | ३ | खसी, बाख्रा, सुगुर प्रति गोटा | २ प्रतिशत |
| ४ | किराना पसल | २५ | ४ | कुखुरा प्रति गोटा | ५ |
| ५ | पापड पकौडा पसल | २० | ५ | तोरी, आलस प्रति मन | १० |
| ६ | मिठाई पसल | ३० | ६ | सूर्ती प्रति मन | २०० |
| ७ | चिया पसल | ३० | ७ | बांसको भकारी | १५ |
| ८ | माछा पसल ठुलो | ४० | ८ | चटपटे खाजा | २० |
| ९ | विउ विजन पसल | २० | ९ | विरुवा बेच्ने | ५० |
| १० | मासु पसल (प्रति खसी) | ७५ | १० | आलु प्याज प्रति मन | १० |
| ११ | सागसब्जी पसल ठुलो | २० | ११ | गाडीमा विभिन्न सामग्री ल्याई वेच्ने | १०० |
| १२ | हांसपरेवा प्रति जोडी | २० | १२ | दाउरा प्रति ट्याक्टर | ३०० |
| १३ | खुद्रा सागसब्जी पसल | १० | १३ | होलसेल कपडा फीजाई बेच्ने | ५० |
| १४ | पान पसल | २० | १४ | सुगुर प्रतिगोटा | ५० |

| क्र.स. | कर तथा दस्तुरको विवरण | दर | सि.नं. | कर तथा दस्तुरको विवरण | दर |
|---|---|---|---|---|---|
| १५ | माछा पसल सानो | २० | १५ | लुगा सिउने टेर्लस | १५ |
| १६ | कांटा थापी खरिद पसल | २० | १६ | सुन चादी पसल | ५० |
| १७ | सानो तराजुबाट खरिद पसल | २० | १७ | माटोको भाडा गाडा | २५ |
| १८ | औषधि पसल | ५० | १८ | मदिरा पसल | घ० |
| १९ | लोहार पसल फलामको हातहतीयार बनाउने र वेच्ने | २० | १९ | अदुवा प्रति मन | २५ |
| २० | छाला मिस्त्री पसल | २० | २० | खसी बाख्राको छाला प्रति वटा | ५० |
| २१ | टर्चलाईट मर्मत पसल | २० | २१ | रांगा भैसीको छाला प्रति वटा | १०० |
| २२ | मोची | १० | २२ | सुपारी प्रति मन | १०० |
| २३ | फलफुल पसल | २० | २३ | कुखुरा प्रति खुगी | ५० |
| २४ | साइकल मर्मत पसल | २० | २४ | कबाडी प्रति साईकल | १५ |
| २५ | मुनीहारी पसल | २५ | २५ | हल्दी कांचो प्रति मन | १० |
| २६ | कपडा पसल | २५ | २६ | हल्दी सुकेको प्रति मन | ५० |
| २७ | रेडीमेड कपडा पसल | २५ | २७ | कोला अनारस प्रति भ्यान | १०० |
| २८ | जुत्ता चप्पल पसल | २५ | २८ | कोला अनारस प्रति ट्याक्टर | २०० |
| २९ | टि भि. रेडियो मर्मत पसल | २० | २९ | कोला अनारस प्रति ट्रक | ३०० |
| ३० | ब्याटि चार्ज पसल | २० | ३० | कोला अनारस प्रति बसको हुड | १५० |
| ३१ | सवै प्रकारका चौपाया विक्री | २ प्रतिशत | ३१ | कोला अनारस प्रति साईकल | २० प्रतिशत |
| ३२ | नदीजन्य निर्माण सामाग्री विक्री कर (वालुवा तथा पुरुवा) प्रति ट्रयाक्टर | ५० | ३२ | कोला अनारस प्रति रांगागाडा | ५० |
| ३३ | हात हेर्ने ज्योतिषी | १० | ३३ | कर्कटपाता प्रति बण्डल | २५ |
| ३४ | कपडा सिलाई टेर्लस | १५ | ३४ | | |
| ३४ | खेल तमासा देखाउनेलाई | २० | ३४ | सब्जी (प्रति वसको हुट) | १०० |

उपरोक्त माथि नपरेको व्यवसाय हेरी कार्यपालिकाको निर्णय बमोजीम रु. १० देखी रु.१०० सम्म कर निर्धारण गरिनेछ।

## व्यापार तथा व्यवसाय कर

कचनकवल गाउँपालिका क्षेत्र भित्र व्यापार व्यवसायमा वा सेवामा पुजीगत लगानी र आर्थिक कारोवारको आधारमा चालु आ. व. मा देहाय बमोजीम व्यवसाय कर लगाइने असुल उपर गरिनेछ।

नोट : व्यापार व्यवसायको कारोवार पुँजी विवरण देहाए अनुसारको रहनेछ।

१) रु.१० लाख भन्दा माथिको कारोवारलाई "क" वर्ग

२) रु.५ लाख देखी १० लाख सम्मको कारोवारलाई "ख" वर्ग

३) रु.१ लाख देखी ५ लाख सम्म कारोवार भएको व्यपार व्यवसायलाई "ग" वर्गमा राखि सोहि अनुसार कर असुल उपर गरिनेछ।

| सि. नं. | विवरण | दर्ता शुल्क | | | वार्षिक नविकरण शुल्क | | |
|---|---|---|---|---|---|---|---|
| | पसल / फर्म | क | ख | ग | क | ख | ग |
| १ | कपडा पसल | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| २ | हार्डवेयर | १५०० | १००० | ५०० | ३००० | २००० | १००० |
| ३ | होटल लज / मदिरा जन्य | १५०० | १००० | ५०० | ३००० | २००० | १००० |
| ४ | होटल / मिठाई / नास्ता | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| ५ | सुन चाँदी | १५०० | १००० | ५०० | ३००० | २००० | १००० |

| सि. नं. | विवरण | दर्ता शुल्क | | | वार्षिक नविकरण शुल्क | | |
|---|---|---|---|---|---|---|---|
| | पसल / फर्म | क | ख | ग | क | ख | ग |
| ६ | किराना | १५०० | १००० | ५०० | ३००० | २००० | १००० |
| ७ | जुत्ता / चप्पल | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| ८ | श्रृगांर/कस्मेटीक | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| ९ | सैलुन | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| १० | ब्युटीपार्लर | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| ११ | टेन्टहाउस / क्याटरीङग / साउन्ड सिस्टम | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| १२ | पान पसल | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| १३ | टेलर्स | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| १४ | धानकाटाँ | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| १५ | फोटो स्टुडियो | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| १६ | रेडीयो /टि. भि. / घडी / विजुली मोवाईल मर्मत सेन्टर | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| १७ | रेडीयो/टि.भि. / घडी / विजुली / क्यामरा / मोवाईल बिक्री सेन्टर | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| १८ | स्टेशनरी/पुस्तक पसल | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| १९ | माछा / मासु पसल | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| २० | मोटर साईकल ग्यारेज मर्मत सेन्टर | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| २१ | औषधी पसल **(Pharmacy)** | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| २२ | भाडा बर्तन ग्लास गीफ्ट हाउस पसल, प्लाष्टिक सामाग्री | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| २३ | साईकस मर्मत पसल | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| २४ | साईकल बिक्री पसल | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| २५ | दुग्ध/डेरी पसल | १५०० | १००० | ५०० | १५०० | १५०० | १००० |
| २६ | साग सब्जी, फलफुल पसल | १५०० | १००० | ५०० | १५०० | १५०० | १००० |
| २७ | मल खाद वीऊ विजन भेटनरी पसल | १५०० | १००० | ५०० | १५०० | १५०० | १००० |
| २८ | मोटर साईकल शो रुम एण्ड पार्टस विक्री पसल | १५०० | १००० | ५०० | ४००० | ३००० | २००० |
| २९ | इलेक्ट्रोनिक्स सामाग्री विक्री पसल | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| ३० | क्लिनिक, मेडिकल | १५०० | १००० | ५०० | ३००० | २००० | १५०० |

## अन्य व्यापार व्यवसाय कर

| सि.नं. | विवरण | बार्षिक रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | मन्टेश्वरी विद्यालय | २००० | |
| २ | शिक्षा सेवा निजी प्राथमिक | ३००० | |
| ३ | शिक्षा सेवा निजी आधारभुत | ४००० | |
| ४ | शिक्षा सेवा निजी मा. वि. उच्च मा. वि. | ५५०० | |
| ५ | मनि ट्रान्सफर | ५००० | |
| ६ | कृषी तथा पशु फर्म | १००० | |
| ७ | बहुउद्देश्यीय सहकारी संस्था | ५००० | |
| ८ | बचत तथा ऋण सहकारी संस्था | ४००० | |
| ९ | कृषी सहकारी संस्था | ३००० | |
| १० | विमा कम्पनी | ५००० | |

| सि.नं. | विवरण | बार्षिक रकम रु. | कैफियत |
|---|---|---|---|
| ११ | लघुवित वितिय संस्था | ५००० | |
| १२ | ग्यास डिलर | २००० | |
| १३ | ड्राईभिंग सेन्टर र डान्स तथा संगीत सेन्टर | १५०० | |
| १४ | जीम खाना | १५०० | |
| १५ | काठ मिल | ३००० | |
| १६ | राईस मिल | २५०० | |
| १७ | टि. स्टेट प्रा. लि. चिया मिल समेत | ३०००० | |
| १८ | टि. स्टेट प्रा. लि | १०००० | |
| १९ | परामर्श सेवा | १००० | |
| २० | निजी अस्पताल र पोली क्लिनिक | ५००० | |
| २१ | पेट्रोल पम्प | १५००० | |
| २२ | ईट्टा उद्योग | ५०००० | प्रति चिम्नी |
| २३ | ग्रिल उद्योग | २५०० | |
| २४ | फर्निचर निर्माण | २५०० | |
| २५ | पाउरोटी तथा विस्कुट उद्योग, थुक्पा, अगरबत्ती | १५०० | |
| २६ | अनलाईन व्यापार व्यवसाय | १५०० | |
| २७ | संस्था र व्यवसाय सुचीकृत | १००० | |
| २८ | ठुला उद्योग दर्ता | २५००० | |
| २९ | मझौला उद्योग दर्ता | १०००० | |
| ३० | घरेलु तथा साना उद्योग दर्ता | १००० | |
| ३१ | संस्था दर्ता | १००० | |
| ३२ | संस्था नविकरण | ५०० | |
| ३३ | बैक "क" वर्ग | १५००० | |
| ३४ | बैक "ख" वर्ग | १०००० | |
| ३५ | बैक "ग" वर्ग | ७००० | |
| ३६ | बैक "घ" वर्ग | ५००० | |

उपरोक्त माथि नपरेको व्यवसाय हेरी कार्यपालिकाको निर्णय बमोजिम रु. ५००।- देखि रु. ५०००।- सम्म कर निर्धारण गरिने छ।

## ल्याब परीक्षण सेवा शुल्क

| सि.नं. | विवरण | मुल्य | कैफियत |
|---|---|---|---|
| १ | **CBC Package** | ३५० | |
| २ | **HB%** | ५० | |
| ३ | **TC** | ५० | |
| ४ | **DC** | ५० | |
| ५ | **ESR** | ५० | |
| ६ | **Platelets** | ५० | |
| ७ | **RBS** | ५० | |
| ८ | **MCH** | ५० | |
| ९ | **MCHC** | ५० | |
| १० | **MCV** | ५० | |

| सि.नं. | विवरण | मुल्य | कैफियत |
|---|---|---|---|
| ११ | **Blood Grouping** | ५० | |
| १२ | **Blood Sugar (One time)** | ५० | |
| १३ | **Bilirubin (T/D)** | १५० | |
| १४ | **LFT Package** | ५५० | |
| १५ | **RFT Package** | ५५० | |
| १६ | **S. Urea** | ९० | |
| १७ | **S. Creatinine** | १२० | |
| १८ | **Sodium** | १३० | |
| १९ | **Potassium** | १३० | |
| २० | **Uric Acid** | १०० | |
| २१ | **Widal** | १५० | |
| २२ | **Urine Pregnancy Test (UPT)** | १०० | |
| २३ | **ANC Package** | ४८० | |
| २४ | **HIV (Program) Determine** | निःशुल्क | |
| २५ | **VDRL** | १५० | |
| २६ | **HBSAG** | २५० | |
| २७ | **HIV (Program not Cover)** | ३०० | |
| २८ | **Urine RE/ME** | ५० | |
| २९ | **Stool RE/ME** | ५० | |
| ३० | **Mantoux** | १०० | |
| ३१ | **Sputum AFB** | निःशुल्क | |
| ३२ | **Malaria RDT** | निःशुल्क | |
| ३३ | **Dengue (Program)** | निःशुल्क | |
| ३४ | **Dengue (Program not cover)** | ८०० | |
| ३५ | **Split Skin Smear** | निःशुल्क | |
| ३६ | **H. Pyloric** | ६५० | |
| ३७ | **ECG** | २०० | |
| ३८ | **Scrub Typhus** | निःशुल्क | |
| ३९ | **Animal Bite (ARV)** | ३०० | |
| ४० | **S. Calcium** | २०० | |
| ४१ | **HBA1C** | ८०० | |
| ४२ | **Lipid Profile** | ६०० | |
| ४३ | **Serology Package** | ७०० | |
| ४४ | **RK39** | निःशुल्क | |
| ४५ | **RA Factor** | १६० | |
| ४६ | **ASO Test/Tetra** | २०० | |

स्वास्थ्य वीमामा उल्लेख भएको शुल्क माथि उल्लेख भएको शुल्क भन्दा बढी भएमा स्वास्थ्य वीमामा उल्लेख भएको शुल्कलाई कायम गरी/आधारमानी ल्याब परीक्षण सेवा शुल्क असुल गरिनेछ।

उपरोक्त माथि नपरेको परीक्षणहरु हेरी कार्यपालिकाको निर्णय बमोजिम कर निर्धारण गरिनेछ, समय सापेक्ष दररेट समायोजन गर्न सकिनेछ।

अनुसूची- ४

(दफा ५ संग सम्बन्धित)

## सवारी साधन कर

कचनकवल गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा देहाय बमोजिम वार्षिक सवारीसाधन कर लगाईने र असुल उपर गरिनेछ ।

| सि.न. | सवारीसाधनको नाम | दररेट ( बार्षिक) | कैफियत |
|---|---|---|---|
| १ | रिक्सा | १०० | |
| २ | अटो रिक्सा | ५०० | |
| ३ | विद्युतीय रिक्सा ( ई-रिक्सा) | ५०० | |
| ४ | सिटि रिक्सा दर्ता | ५०० | |
| ५ | सिटि रिक्सा नविकरण | १००० | |
| ६ | सिटि रिक्सा नामसारी | १००० | |
| ७ | ट्याक्टरको दर्ता तथा नविकरण | १००० | |
| ८ | बस | ३००० | |
| ९ | ट्रक | ३००० | |
| १० | पीकअप भेन | १५०० | |

नयाँ उद्योग कलकारखाना पालिका क्षेत्र भित्र स्थापना गर्दा शुरु बर्ष दर्ता शुल्क मात्र लिइने र त्यस पछि आर्थिक बर्ष समाप्त भएपछि बार्षिक नविकरण शल्क लाग्नेछ ।

अनुसूची- ५

(दफा ६ संग सम्बन्धित)

## विज्ञापन कर

कचनकवल गाउँपालिकाका क्षेत्र भित्र हुने विज्ञापनमा देहाय बमोजिम विज्ञापन कर लगाईने असुल उपर गरिने छ तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | होडिंग वोर्ड मुख्य सडकहरु प्रति वर्ग फिट | २०० | |
| २ | होडिंग वोर्ड मुख्य सडकसंग जोडिएका शाखा सडकहरु प्रति वर्ग फिट | १०० | |
| ३ | होडिंग वोर्ड अन्य शाखा सडक प्रति वर्ग फिट | १०० | |
| ४ | फ्ल्याक्स वोर्ड प्रति वर्ग फिट | १०० | |
| ५ | माथि उल्लेखित बाहेकका हकमा प्रति वर्ग फिट | १०० | |
| ६ | व्यानर प्रति २ हप्ता | ५०० | |
| ७ | व्यानर व्यापारीक प्रति गोटा प्रति वर्ग फिट (दुई हप्ताका लागि ) | २०० | |
| ८ | गेट राख्न गाउँपालिकाको स्वीकृत लिएर मात्र प्रति हप्ता | १००० | |
| ९ | प्रचार प्रसार सिटी रिक्सा समेतबाट माईकिंग प्रतिदिन मत्रा | १०० | |
| १० | प्रचार प्रसार गाडीबाट प्रतिदिन | १०० | |

अनुसूची- ६

(दफा ७ संग सम्बन्धित)

## मनोरन्जन कर

कचनकवल गाउँपालिका क्षेत्र भित्र चलचित्र घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, नाटक घर / थ्रिएटर, फन पार्क, बाल उद्यान वाटर पार्क, दोहोरी साँझ, डान्स बार, जुम्वा हाट बजार र मेला मनोरन्जन स्थलमा प्रदेश आर्थिक विधेयक, २०७७ को दफा ५ को अनुसूची ३ बमोजिम मनोरन्जन कर लाग्ने छ ।

| सि.नं. | मनोरञ्जन कर | शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | रमाईलो मेला तीन दिन सम्मको | ३००० | |
| २ | रमाईलो मेला एक हप्ता सम्मको | ५००० | |
| ३ | रमाईलो मेला लगाए वापत एक हप्ता भन्दा माथि | १०००० | |

अनुसूची-७

(दफा ८ संग सम्बन्धित)

## पार्किङ्ग कर

कचनकवल गाउपालिकाका क्षेत्रभित्र कुनै सवारीसाधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत देहाय अनुसार पार्किङ्ग शुल्क लगाईने र असुल उपर गरीने छ ।

| सि.नं. | सवारीसाधनको नाम | दररेट | कैफियत |
|---|---|---|---|
| १ | ट्रली, लहरी, ट्रीपर | ५० | |
| २ | बस, ट्रक, ट्याक्टर | ५० | |
| ३ | पिकअप, मिनी बस, मिनी ट्रक | २० | |
| ४ | माईक्रो बस, कार, जीप, भेन, टेम्पु | २० | |
| ५ | भारतीय सवारीसाधन ट्रली, लहरी, बस, ट्रक | १००० | |
| ६ | भारतीय सवारीसाधन कार, जिप, भएँ, माईक्रो | ५० | |

अनुसूची- ८

(दफा ९ संग सम्बन्धित)

## सेवा शुल्क दस्तुर

कचनकवल गाउँपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार र उपलब्ध गराए सेवामा सेवाग्राहीबाट देहाय अनुसार शुल्क असुल उपर गरिनेछ ।

१. स्थानीय पूर्वाधार सेवा शुल्क (सडक पूर्वाधार प्रयोग वापत )

| सि.नं. | सावरीसाधनको नाम | पार्किङ्ग शुल्क (पटक) | कैफियत |
|---|---|---|---|
| १ | ट्रली, लहरी, ट्रिपर | ५० | |
| २ | बस, ट्रक, ट्याक्टर | ५० | |
| ३ | पिकअप, मिनी बस, मिनी ट्रक | ५० | |
| ४ | माईक्रो बस, कार, जीप, भेन, टेम्पु | २० | |
| ५ | भारतीय सवारी साधन ट्रली, लहरी, बस, ट्रक | १०० | |
| ६ | भारतीय सवारी साधन कार, जिप, भेन, माईक्रो | ५० | |

२. कार्यालयले उपलब्ध गराएको विभिन्न सेवा सुविधा एवंम् सिफारिसमा लाग्ने सेवा शुल्क तथा सिफारिस दस्तुर घर नक्सा पास दस्तर

| सि. नं. | विवरण | १००० वर्ग फिट सम्म | १००१ देखि २००० वर्ग फिटसम्म | २००१ देखि ३००० वर्ग फिटसम्म | ३००१ देखि ४००० वर्ग फिटसम्म | ४००१ वर्ग फिट भन्दा माथि |
|---|---|---|---|---|---|---|
| १ | ‘‘क’’ वर्गका भवन प्रति वर्ग फिट<br>"क" वर्गका भवन भन्नाले भवन ऐन, २०५५ को दफा ८ (क) मा व्यवस्था भए अनुसार विकसित मुलुकमा अपनाएका भवन संहिता समेतको अनुशरण गरी ईन्टरनेसनल आधारित हुने गरी बनाईने अत्याधुनिक भवन | ९ | ९।५० | १० | १०५० | ११ |
| २ | ‘‘ख’’ वर्गका भवन प्रति वर्ग फिट<br>"ख" वर्गका भवन भन्नाले भवन ऐन, २०५५ को दफा ८ मा व्यवस्था अनुसार एरिया १००० वर्ग फिट भन्दा बढी भुईतल्ला सहित ३ (तीन) तल्ला भन्दा बढी वा स्ट्रक्चरल स्पान चार दशमलव पाच (४.५) मिटर सम्म भएका भवनहरु | ७ | ७ | ७५० | ८ | ८५० |
| ३ | ‘‘ग’’ वर्गका भवन प्रति वर्ग फिट ‘‘ग’’ वर्गका भवन भन्नाले भवन ऐन, २०५५ को दफा ८ ( ग ) मा व्यवस्था भएको प्लिन्थ एरिया १००० वर्ग फिट सम्म भुईतल्ला<br>सहित ३ (तीन) तल्ला सम्म वा स्ट्रक्चरल स्पान चार दशमलव पाच ( ४.५) मिटर सम्म भएका भवनहरु | ६ | ६।५० | ७ | ७।५० | ८ |
| ४ | ‘‘घ’’ वर्गका भवन प्रति वर्ग फिट<br>खण्ड (क) (ख) र (ग) मा लेखीए देखि बाहेकका काचो वा पाको इँटा, ढुंगा, माटो, बास, खारा आदि प्रयोग गरी दुई तल्ला सम्म बनाईने सानो घर र छाप्राहरु | २ | २ | २ | २ | २ |
| ५ | इँटा बा ढुंगा र सिमेन्टको पक्कि पर्खाल प्रति रनिङ फिट | ४ | ४ | ४ | ४ | ४ |
| ६ | स्टिल स्ट्रक्चर | ७ | ७ | ७।५० | ८ | ८।५० |

नोट : पुरानो घर प्रति स्क्वायर फिट रु. ५/- भुइँ तल्ला सम्म, सो भन्दा थप तल्ला भएमा प्रति स्क्वायर फिट रु. ६/- हुनेछ।

**(ख) अन्य सेवा शुल्क तथा सिफारिस दस्तुर**

| सि.नं. | विवरण | लाग्ने दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | निवेदन दस्तुर | १० | |
| २ | साधारण सिफारिस | २०० | |
| ३ | घर नक्सा पास पुस्तिका | ५०० | |
| ४ | घर नक्सा लेआउट | ५०० | |
| ५ | घर नक्सा निरिक्षण तथा सर्जमिन | १००० | |
| ६ | नक्सा पास सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि | २५० | |
| ७ | घर नक्साको प्रतिलिपि | ५०० | |

| सि.नं. | विवरण | लाग्ने दस्तुर | कैफियत |
|---|---|---|---|
| ८ | घर निर्माण सम्पन्न प्रमाण पत्र पक्की | ५०० | |
| ९ | घर निर्माण सम्पन्न प्रमाण पत्र कच्ची | ३०० | |
| १० | घर नक्सा नामसारी १००० स्क्वार फिट भन्दा माथिको लागि | १००० | |
| ११ | घर नक्सा नामसारी १००० स्क्वार फिट भन्दा कमको लागि | ५०० | |
| १२ | घर कायमको सिफारिस (घर सम्पन्न प्रमाणपत्र प्राप्त भएकाको हकमा मात्र) | ५०० | |
| १३ | वहाल विटौरी कर | ५०० | |

(ग) अन्य विविध सिफारिस तथा प्रतिलिपि प्रमाणित दस्तुरहरु

| सि.नं. | विवरण | लाग्ने दस्तुर | कैफियत |
|---|---|---|---|
| १४ | नेपाली नागरिकताको प्रमाण पत्रको सिफारिस | २०० | |
| १५ | नागरिकताको प्रतिलिपि | २०० | |
| १६ | नाता प्रमाणित दस्तुर | ३०० | |
| १७ | नाता प्रमाणित २ जना भन्दा थप प्रति व्यक्ति दस्तुर | १०० | |
| १८ | घटना दर्ता प्रमाणपत्रको प्रतिलिपी | ५०० | राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभागद्वारा तोकिएको |
| १९ | घटना दर्ता विलम्ब दस्तुर | २०० | राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभागद्वारा तोकिएको |
| २० | बसोबास प्रमाणित (वैदेशिक प्रयोजनका लागि ) | ५०० | |
| २१ | बसोबास प्रमाणित (स्वदेशी प्रयोजनका लागि ) | २०० | |
| २२ | अविवाहित प्रमाणित | १००० | |
| २३ | प्रतिलिपि प्रमाणपत्र दस्तुर प्रति पाना | १० | |
| २४ | लिखत प्रमाणित दस्तुर १ लाख सम्मको | २०० | |
| २५ | लिखत प्रमाणित दस्तुर ५ लाख सम्मको | ५०० | |
| २६ | लिखत प्रमाणित दस्तुर ५ लाख देखि माथि जतिसुकै | १००० | |
| २७ | रकम असुली सेवा शुल्क (पहिलो पक्षबाट ) (न्यायीक समिति) | १००० | विस हजार भन्दा माथि भएमा |
| २८ | रकम असुली सेवा शुल्क ( पहिलो पक्षबाट ) (न्यायीक समिति) | २००० | एक लाख भन्दा माथि रकम भएमा |
| २९ | जग्गा रोक्का उजुरी दस्तुर | ५०० | |
| ३० | मिलापत्र दस्तुर (दुवै पक्षबाट आधा आधा व्यहोरिने) | १००० | |
| ३१ | उजुरी तथा मुद्दा दर्ता दस्तुर | १०० | |
| ३२ | लिखित जवाफ पेश दस्तुर | १०० | |
| ३३ | मोही लगत कट्टा (प्रति कठ्ठा) प्रति सिफारिस | ५० | |
| ३४ | विद्युत मिटर प्रति सिफारिस | २०० | |
| ३५ | व्यवसाय नामसारी सिफारिस दस्तुर | २०० | |
| ३६ | साँध सिमाना प्रमाणित | २०० | |
| ३७ | जग्गा नामसारी सिफारिस प्रति कठ्ठा | ५० | |
| ३८ | बैदेशिक रोजगारीको सिफारिस | ५०० | |
| ३९ | कन्सुलर प्रमाणित (प्रति कागज) | ५०० | |
| ४० | नाबालक सिफारिस परिचय पत्र | २०० | |
| ४१ | व्यवसाय, कारोवार बन्द सिफारिस | ५०० | |

| सि.नं. | विवरण | लाग्ने दस्तुर | कैफियत |
|---|---|---|---|
| ४२ | संघ संस्था नविकरण सिफारिस | २०० | |
| ४३ | अन्य विभिन्न किसिमका सिफारिस | २०० | |
| ४४ | निर्माण व्यवसायी इजाजत नविकरण सिफारिस | ५०० | |
| ४५ | परिवार ल्याएको/लगेको सिफारिस | १५० | |
| ४६ | नाफामुलक संघ संस्था दर्ता र नविकरण सिफारिस | ५०० | |
| ४७ | मोही नामसारी सिफारिस | २०० | |
| ४८ | सम्बन्ध बिच्छेदको सिफारिस | ३०० | |
| ४९ | ठुला/मझौला/साना उद्योग स्थापना र सिफारिस (पुँजीको आधारमा) | | |
| | ५ करोड भन्दा माथि | १०००० | |
| | २ करोड देखि ५ करोड सम्म | ५००० | |
| | १ करोड देखि २ करोड सम्म | ३००० | |
| | ५० लाख देखि १ करोड सम्म | २००० | |
| | ५० लाख भन्दा मुनी | १००० | |
| ५० | रुख कटान सिफारिस प्रति गोटा | ५० | |
| ५१ | नेपाली पेन्सन पट्टा सिफारिस | ३०० | |
| ५२ | भारतीय पेन्सन पट्टा सिफारिस | ५०० | |
| ५३ | अन्य मुलुकको पेन्सन पट्टा सिफारिस | १००० | |
| ५४ | अपुताली सिफारिस | १००० | |
| ५५ | जन्म, मृत्यु, विवाह प्रमाणित तथा सिफारिस | ३०० | |
| ५६ | अंग्रेजी प्रमाणित तथा सिफारिस | ५०० | |
| ५७ | निजी विद्यालयसंग सम्बन्धित विभिन्न सिफारिस | २०० | |
| ५८ | निजी विद्यालय मन्टेश्वरी स्थापना शुल्क | ५००० | |
| ५९ | निजी विद्यालय प्राथमिक स्थापना शुल्क | १०००० | |
| ६० | निजी विद्यालय आधारभूत तह कक्षा थप | ३००० | |
| ६१ | निजी विद्यालय माध्यमिक तह कक्षा थप | ५००० | |
| ६२ | निजी विद्यालय विषय थप | ३००० | |
| ६३ | निजी विद्यालय स्थानान्तरण | ५००० | |
| ६४ | निजी विद्यालय स्थानान्तरण विषय थप नयाँ विद्यालय फारम शुल्क | १००० | |
| ६५ | निजी विद्यालय कक्षा ८ परीक्षा शुल्क प्रति विद्यार्थी | ४०० | |
| ६६ | कक्षा-८ को परीक्षा पुनर्योग प्रति विद्यार्थी | ३०० | |
| ६७ | कक्षा ८ को ग्रेड सिट प्रतिलिपि प्रमाणपत्र प्रमाणीकरण | १०० | |
| ६८ | सम्पत्ति मुल्यांकन प्रति सिफारिस | ०.१० प्रतिशत | प्रति सयकडा |
| ६९ | आय श्रोत प्रमाणित प्रति सिफारिस (अध्यन गर्न जानेहरुका लागि ) | ०.१० प्रतिशत | प्रति सयकडा |
| ७० | आय श्रोत प्रमाणित प्रति सिफारिस ( अन्य सबै ) | ०.२० प्रतिशत | प्रति सयकडा |
| ७१ | घरबाटो सिफारिस - मूल बाटोले छोएको जग्गाको प्रति सिफारिस २ कित्तासम्म, थप प्रति कित्ता रु. १०० | ५०० | |
| ७२ | घरबाटो सिफारिस - सहायक बाटोले छोएको जग्गाको प्रति सिफारिस २ कित्तासम्म, थप प्रति कित्ता रु. १०० | ४०० | |

| सि.नं. | विवरण | लाग्ने दस्तुर | कैफियत |
|---|---|---|---|
| ७३ | घरबाटो सिफारिस - भित्री शाखा बाटोले छोएको जग्गाको प्रति सिफारिस २ कित्तासम्म, थप प्रति कित्ता रु. १०० | ३०० | |
| ७४ | घरबाटो सिफारिस - बजारले छोएको जग्गाको प्रति सिफारिस २ कित्तासम्म, थप प्रति कित्ता रु. १०० | ५०० | |
| ७५ | घरबाटो सिफारिस - बाटोले नछोएको जग्गाको प्रति सिफारिस २ कित्तासम्म, थप प्रति कित्ता रु. १०० | ३०० | |
| ७६ | स्थायी बसोबास पारिवारिक विवरण सहितको सिफारिस | २०० | |
| ७७ | सर्जमिन दस्तुर | ५०० | |
| ७८ | सुर्ति सिफारिस प्रति मन | ११५ | |
| ७९ | मेलमिलापकर्ता सुचिकृत | १०० | |

**चार किल्ला प्रमाणित दस्तुर**

| | | | |
|---|---|---|---|
| ८० | मूल बाटोले छोएको जग्गाको प्रति सिफारिस २ कित्तासम्म, थप प्रति कित्ता रु. १०० | ५०० | |
| ८१ | बजारले छोएको जग्गाको प्रति सिफारिस २ कित्तासम्म, थप प्रति कित्ता रु. १०० | ६०० | |
| ८२ | सहायक बाटोले छोएको जग्गाको प्रति सिफारिस २ कित्तासम्म, थप प्रति कित्ता रु. १०० | ३०० | |
| ८३ | बजार क्षेत्रले छोएको जग्गाको प्रति सिफारिस २ कित्तासम्म, थप प्रति कित्ता रु. १०० | १००० | |
| ८४ | बाटोले नछोएको जग्गाको प्रति सिफारिस २ कित्तासम्म, थप प्रति कित्ता रु. १०० | ३०० | |

**क) दुरी प्रमाणित ( अमिनबाट गरिने )**

| | | | |
|---|---|---|---|
| ८५ | बैंकिङ प्रयोजनका लागि | ५०० | |
| ८६ | सर्वसाधारणसग जोडिएको घर घर बीच | २०० | |
| ८७ | किचलो परी आएको हकमा | ३०० | |
| ८८ | माथि उल्लेखित बाहेकको हकमा/अन्यको हकमा | ५०० | |

**ख) घर कोठा खोल्ने सिफारिस**

| | | | |
|---|---|---|---|
| ८९ | व्यवसायिक घर कोठा खोल्ने | १००० | |
| ९० | आवासीय घर कोठा खोल्ने सिफारिस | २०० | |

**ग) अमिन बाट गरिने सबै प्रकारको सेवा तथा अन्य सेवाहरु (सम्बन्धित जग्गाधनीले माग निवेदनको आधारमा)**

| | | | |
|---|---|---|---|
| ९१ | १ कठ्ठा सम्मको जग्गा छुट्याउने | १००० | घडेरी जग्गा |
| ९२ | १ कठ्ठा देखि ५ कठ्ठासम्म छुट्याउने | १५०० | घडेरी जग्गा |
| ९३ | ५ कठ्ठा देखि १० कठ्ठा सम्म छुट्याउने | २००० | घडेरी जग्गा |
| ९४ | १ कठ्ठा देखि १० कठ्ठा सम्म छुट्याउने | १५०० | खेतीयोग्य जमिन |
| ९५ | १० कठ्ठा देखि २ विगाहासम्म छुट्याउने | २००० | खेतीयोग्य जमिन |
| ९६ | २ विगाहा भन्दा माथि छुट्याउने | ३००० | खेतीयोग्य जमिन |

| | | | |
|---|---|---|---|
| ९७ | बाटो स्केच | १००० | |
| ९८ | जे. सी. बि. भाडा (इन्धन बाहेक) | २००० | प्रति घण्टा |
| ९९ | जे. सी. बि. भाडा (इन्धन सहित) | ३५०० | प्रति घण्टा |
| १०० | पानी ट्यांकर/ट्रयाक्टर भाडा | ४००० | प्रतिदिन, इन्धन र चालकको खाजा भत्ता वाहेक |
| १०१ | पशु कृत्रिम गर्भाधान (ए. आई.) | ५० | प्रति पशु |
| १०२ | कुकुर बन्ध्याकरण (पोथी) | ५०० | प्रति पशु |
| १०३ | कुकुर बन्ध्याकरण (भाले) | २०० | प्रति पशु |
| १०४ | सम्पत्ति मुल्यांकन | ०.१ प्रतिशत | प्रति सयकडा |
| १०५ | बार्षिक आम्दानी मुल्यांकन | ०.२ प्रतिशत | प्रति सयकडा |
| १०६ | लिखत प्रमाणित | ०.५ प्रतिशत | प्रति सयकडा |
| १०७ | **फोहोरमैला व्यवस्थापन शुल्क :** | | |
| १०८ | होटल / लज / रेस्टुरेन्ट | ५०० | वार्षिक |
| १०९ | किराना / सैलुन / अन्य पसल | ४०० | वार्षिक |
| ११० | घरको | २०० | वार्षिक |
| १११ | **घाटलौरी शुल्क :** | | |
| ११२ | प्रति व्यक्ति | ५ | पटके |
| ११३ | साईकल र व्यक्ति | १० | पटके |
| ११४ | मोटरसाईकल र व्यक्ति | २० | पटके |

**जग्गा वर्गिकरण सिफारिस**

| सि.नं. | विवरण | लाग्ने दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | २ कित्तासम्म | २०० | |
| २ | २ कित्ता भन्दा माथि प्रति कित्ता | १०० | |

**३) विद्युत खानेपानी लगायतका अन्य सिफारिस**

क) विद्युत जडान तथा मिटर सिफारिस

| सि.नं. | विवरण | लाग्ने दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | कृषि व्यवसाय तथा सिंचाई प्रयोजन समेत | २०० | |
| २ | उद्योग, कल कारखाना, पसल तथा व्यवसाय र व्यवसायिक भवन समेत थ्रिफेज लाईन जडान सिफारिस समेत | ५०० | |
| ३ | आवासिय घरमा | २०० | |
| ४ | सुकुम्वासी तथा गरिव सिमान्तकृत परिवारका लागि | निशुल्क | |

**४) विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवा :**

१) विशेषज्ञ परामर्श सेवा

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| क) चिकित्सक, अहेव, कवीराज होमियोपेथिक, आर्युवेदिक पशु चिकित्सक भेटरीनरी समेत | | | |
| १ | एम.डी. डाक्टरलाई | २००० | |
| २ | पशु चिकित्सामा स्नातकोत्तर | १५०० | |

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ३ | एम.बि.बि.ए | १००० | |
| ४ | पशु चिकित्समा स्नातक | ७५० | |
| ५ | अ.हे.व. तथा पशु सहायकलाई | ५०० | |
| ६ | कविराज, हामियोपेथिक, आर्युवेदिक डाक्टर | १००० | |
| ७ | कविराज, हामियोपैथिक, आर्युवेदिक अहेव | ५०० | |
| ख) भ्यालुएटर ( मूल्याङ्कनकर्ता इन्जिनियरिङ सेवा ) | | | |
| १ | बैंक तथा वित्तीय संस्थाको प्रयोजनका लागि | २००० | |
| २ | विमा प्रयोजनका लागि | १५०० | |
| ३ | अन्य सबै | ७५० | |
| ग) परामर्शदाता (आर्थिक, भौतिक, सामाजिक तथा साँस्कृतिक लगायतका विषयसंग सम्बन्धित दर्तावाला विभिन्न परामर्शदाता) | | १००० | |

**२. सेवा व्यवसाय**

क) निमार्ण व्यवसाय

| | | | |
|---|---|---|---|
| १ | श्रेणी "घ" ईजाजत | ५०००० | |
| २ | श्रेणी "घ" नविकरण | १०००० | बार्षिक |

ख) संचार सेवा ( पत्रपत्रीका, एफ. एम. रेडियो तथा वा टेलिभिजन प्रसारण समेत )

| | | | |
|---|---|---|---|
| १ | पत्रपत्रिका वितरक | १०० | |
| २ | पत्रिका प्रकाशक | १५०० | |
| ३ | एफ. एम. रेडियो प्रसारण | २५०० | |
| ४ | केवल नेटवर्क | | |
| | क) ५०० सम्म ग्राहक भएको | ३००० | |
| | ख) ५०० देखि १००० सम्म ग्राहक भएको | ५००० | |
| | ग) १००० भन्दा माथि ग्राहक भएको हकमा सि.नं. ४(ख) मा थप प्रति ग्राहक रु. २।० | ५०००।० प्रति ग्राहक रु. २।० | |

पशु चौपाया कर

व्यक्तिले पालेका चौपाया सार्वजनिक स्थल, कालोपत्रे तथा ग्राभेल तथा सामान्य सडकमा छोडेमा वा बाँधेमा

| सि. नं. | चौपायाको विवरण | जरिवाना |
|---|---|---|
| १ | गाई, भैंसी, गोरु, राँगा प्रति चौपाया | रु. २०० प्रतिदिन |
| २ | पाडा, पाडी, बाछा, बाछी | रु. १०० प्रतिदिन |
| ३ | बाख्रा, सुगुर, बंगुर आदी | रु. १०० प्रतिदिन |

शौचालय उपयोग सेवा शुल्क

| सि. नं. | विवरण | शुल्क |
|---|---|---|
| १ | दिशा | रु. २०।०० |
| २ | पिसाव | रु. १०।०० |

यसमा,

१. डिलर, एजेन्ट, डिपो र सव - डिलर आदि वाहेक अन्य पसल, उद्योग, व्यवसायको हकमा कसैले एउटै पसलमा धैरै आईटम राखि पसल वा व्यवसाय गरेको छ भने सबै आईटम मध्ये कुनै एकको मात्र कर लिइने छ। यसमा सबै आईटम मध्ये जुन आईटमको कर रकम बढी छ सोहीलाई कायम गरी कर असुल गरिनेछ।

२. म्याद भित्र नबुझाउने कूनै पनि कर दाताहरुबाट बुझाउनुपर्ने सम्पूर्ण व्यवसाय कर र प्रतिवर्ष १० प्रतिशतका दरले जरिवाना सहित व्यवसाय कर असूल गरिने छ।

तर,

१. यस गाउँपालिका अन्तर्गत सन्चालन हुने गाउँपालिका वा जिल्ला वा प्रदेश वा केन्द्रीय आयोजनाहरु, छात्रवृत्ति, आर्थिक सहायता, निशूल्क स्वास्थ्य उपचार, विपद् व्यवस्थापन र जेष्ठ नागरिक भत्ता प्राप्तिको लागि गरिने सिफारिसहरुमा सिफारिस दस्तुर छुट दिईनेछ।

२. यो ऐनमा व्यवस्था नभएका अन्य सिफारिसको हकमा यस ऐनसंग नबाझिने गरी कार्यपालिकाले निर्णय गरे वमोजिम हुनेछ। सो निर्णयहरु गाउँ सभाबाट अनुमोदन गराउनु पर्नेछ।

आज्ञाले

स्काइ पोख्रेल

प्रमुख प्रशासकीय अधिकृत